शर्तहरु:

१. उल्लेखित ठेक्का पहिलो वर्षका लागि मिति २०८३ साल कार्तिक महिना देखि मिति २०८३ असार मसान्त सम्म, दोस्रो र तेस्रो आ.व का लागि साउन १ गतेदेखि असार मसान्त सम्मका लागि हुनेछ ।

२. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि सहित दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय, उर्लाबारीमा रहेको यस कार्यालयको **ग-१-१ स्थानीय तह आन्तिरक राजश्व खाता नं. ०६०१७०११५०५९५१४८** मा नगद जम्मा गरेको बैंक भौचर सहित दरभाउपत्र फाराम खरिद गरेको मिति देखि दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० बजेसम्म शिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्न सकिने छ । पर्न आएका शिलबन्दी दरभाउपत्रहरु दरभाउपत्र दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा उर्लाबारी नगरपालिकाको कार्यालयमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदा सकिएको भोलिपल्ट कार्यालय खुलेपछि दरभाउपत्र दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

५. दरभाउपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको न्यूनतम ५% रकम धरौटी वापत उर्लाबारी नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक उर्लाबारीको धरौटी हि.नं. ग-३ स्थानीय तह धरौटी खाता ०६०१७०११५०५९५०२४ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गरेको हुने पर्नेछ । अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । अंक र अक्षरलाई पुनः लेखन गर्नु पर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनुपर्नेछ ।

७. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०% र अन्तिम किस्ता ५०% गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा र दोस्रो किस्ता २०८२ साल चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । बाँकी दुई वर्षको ठेक्का अवधिका लागि सम्वत् २०८५ असार मसान्तसम्म अवधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । सम्झौता गर्दाकै समयमा वार्षिक रकम एकमुष्ठ रुपमा बुझाउन चाहेमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ ।

८. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिनभित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा ठेकेदारले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

९. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल वापतको रकम ठेकेदार पक्षवाट सम्वन्धित कार्यालयमा ठेक्का सम्झौता गर्नु अगावै बुझाउनु पर्ने छ । किस्तामा रकम बुझाउनेको हकमा प्रत्येक किस्ता वापतको कर रकम, किस्ता रकम बुझाउनु भन्दा अगाडीनै सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१०. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा प्रमाणका आधारमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

११. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि अभाव, प्रभाव र दबाब दिन वा गर्न पाइनेछैन ।

१२. एक ब्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद गरेको दरभाउ पत्र फर्म अर्को ब्यक्ति, फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।

१३. रित नपुगेको र म्याद नाघि आएको दरभाउ पत्र माथि कुनै कार्यवाही गरिने छैन ।

१४. कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार्य हुने छैन ।

१५. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुने छ ।

१६. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१७. ठेक्का सम्बन्धमा कुनै किसिमको द्विविधा र विवाद भएमा आपसी समझदारीमा समाधान गर्न सकिनेछ, र सो विषयमा यस कार्यालयको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

१८. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख सकिनेछ ।

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत